# स्थानीय राजपत्र

**भिमाद नगरपालिकाद्वारा प्रकाशित**

**(खण्ड ९) भिमाद चैत ४ गते, २०८२ साल (सङ्ख्या १५)**


## भाग २

## भिमाद नगरपालिकाको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### भिमाद नगरपालिकाको प्रतिक चिन्ह (Logo) छनोट तथा प्रयोग सम्बन्धी निर्देशिका, २०८२

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त अधिकारहरूको प्रयोग मार्फत भिमाद नगरपालिकाको ऐतिहासिक, आर्थिक, सामाजिक एवम् साँस्कृतिक महत्व, स्थानीय भूगोल, मौलिकताको विशिष्टता झल्किने पहिचानलाई संस्थागत बनाउन प्रतीक चिन्ह निर्माण गरी प्रयोगमा ल्याउन वाञ्छनीय भएकोले,

भिमाद नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भिमाद नगरपालिका, नगर कार्यपालिकाको बैठकले यो निर्देशिका तर्जुमा गरी जारी गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "भिमाद नगरपालिकाको प्रतिक चिन्ह (Logo) छनोट तथा प्रयोग सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका भिमाद नगरपालिका, तनहुँ क्षेत्रभित्र लागू हुनेछ।

(३) यो निर्देशिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) **"नगरपालिका"** भन्नाले भिमाद नगरपालिका, तनहुँलाई सम्झनु पर्दछ।

(ख) **"कार्यपालिका"** भन्नाले भिमाद नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) **"प्रमुख"** भन्नाले भिमाद नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले भिमाद नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो पदमा कायममुकायम मुकरर रहेको अधिकारी सम्झनु पर्दछ ।

(ङ) **"कर्मचारी"** भन्नाले स्थायी वा सेवा करारमा कार्यरत कर्मचारीलाइ सम्झनु पर्दछ ।

(च) **"पदाधिकारी"** भन्नाले निर्वाचित जनप्रतिनिधिलाई सम्झनु पर्छ ।

(छ) **"प्रतिक चिन्ह (Logo)"** भन्नाले भिमाद नगरपालिकाको आधिकारिक प्रतीक चिन्ह सम्झनु पर्दछ ।

(ज) **"प्रस्तावक"** भन्नाले प्रतीक चिन्ह डिजाइन पेस गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(झ) **"छनोट समिति"** भन्नाले प्रतीक चिन्ह मूल्याङ्कनका लागि गठित समिति सम्झनु पर्दछ ।

## परिच्छेद–२

## सूचना प्रकाशन, मापदण्ड र छनोट

३. **सार्वजनिक सूचना प्रकाशनः** (१) प्रतीक चिन्ह डिजाइन तयार गर्न इच्छुक व्यक्ति तथा संस्थाहरूका लागि नगरपालिकाबाट आवश्यकता अनुसार खुला प्रतिस्पर्धात्मक सूचना प्रकाशन गरिनेछ ।

(२) प्रस्तावकले आफ्नो डिजाइनसँगै प्रयोग भएका चिन्हहरूको व्याख्यात्मक टिप्पणी सहित प्रतीक चिन्ह तयार गरी पेस गर्न सक्नेछन ।

(३) डिजाइन डिजिटल File Format JPG/PNG मा न्युनतम ३०० DPI Resolution मा हुनुपर्ने र सोको Vector Format (AI/EPS/SVG/PDF) स्वरूपमा पेस गर्नुपर्नेछ ।

(४) डिजिटल तथा प्रिन्ट दुवै माध्यममा प्रयोग गर्न मिल्ने डिजाइन तयार गर्नुपर्नेछ ।

४. **प्रतीक चिन्ह निर्माण सम्बन्धीः** (१) प्रस्तावकले देहायका विषयहरू समावेश गरी प्रतीक चिन्ह (Logo) निर्माण गर्न सक्नेछन।

(क) भिमाद नगरपालिकाको नाम (देवनागरीमा अनिवार्य) स्थापना वर्ष, जिल्ला, प्रदेश र देशको नाम समावेश भएको,

(ख) नेपालको राष्ट्रिय झण्डा भएको,

(ग) नगरपालिकाको ऐतिहासिक पहिचान, भूगोल, आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक, पर्यटकीय महत्व र स्थानीय मौलिकता झल्किने विषयहरू समावेश गरेको,

(घ) अन्यत्रबाट नक्कल नगरिएको मौलिक, सरल र दीर्घकालीन प्रयोगका लागि पनि योग्य हुने,

(ङ) नगरपालिकाको विकास, समृद्धि, सुशासन र समावेशिता झल्काउने संकेत प्रयोग गरिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विषयहरूको प्रतिकूल हुने गरी प्रतीक चिन्ह निर्माण गर्न पाइने छैन् ।

(क) कुनै जाति, धर्म, लिङ्ग वा समुदाय विरुद्ध भेदभाव जनाउने चिन्ह वा संकेत प्रयोग गर्न,

(ख) राष्ट्रिय झण्डा वा राष्ट्रिय प्रतीक निशान छापको मर्यादा उल्लङ्घन हुनेगरी तयार गर्न,

(ग) राष्ट्रकको सार्वभौमिकता, राष्ट्रिय एकता र भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग गर्न ।

५. **छनोट समितिः** (१) नगरपालिकाको प्रतीक चिन्ह डिजाइन गरी पेस गर्ने प्रस्तावहरू मूल्याङ्कन गरी सिफारिस गर्नका लागि नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिम समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत-संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक-सदस्य

(ग) स्थानीय विज्ञ १ जना-सदस्य

(घ) सूचना प्रविधि अधिकृत-सदस्य

(ङ) सामाजिक विकास हेर्ने शाखाको प्रमुख-सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार छनोट समितिको बैठकमा सम्बन्धित विषयका विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक भत्ता लगायतका खर्चहरू भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०८१ बमोजिम हुनेछ।

६. **छनोट समितिको काम, कर्तव्य र अधिकार**: छनोट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) प्राप्त भएका डिजाइनहरुको सूचीकरण गर्ने,

(ख) पेस भएका डिजाइनका प्रतीक चिन्हको दफा ७ का मापदण्ड अनुसार मूल्याङ्कन गरी अंक प्रदान गर्ने र स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्ने,

तर पेस भएका डिजाइनका प्रतीक चिन्हलाई मापदण्डका आधारमा प्रारम्भिक मूल्याङ्कन गर्दा ५० अंक भन्दा कम अंक आएमा अस्वीकृत गर्ने र ५० अंक भन्दा बढी अंक प्राप्त गर्ने डिजाइनका प्रतीक चिन्हलाई थप परिमार्जनका लागि अवसर दिन सकिने,

(ग) परिमार्जन सहित पेस हुन आएमा परिवर्तित प्रतीक चिन्हको डिजाइनको दफा ७ का मापदण्ड अनुसार पुनः मूल्याङ्कन गरी प्राप्त औसत अंकका आधारमा प्राथमिकता निर्धारण गरी स्वीकृतिका लागि कार्यपालिका बैठकमा सिफारिस गर्ने।

७. **प्रतीक चिन्ह मूल्याङ्कन सम्बन्धी मापदण्ड**: (१) प्रतीक चिन्ह मूल्याङ्कनका मापदण्ड देहाय अनुसार हुनेछन। छनोट समितिले मूल्याङ्कन गरी अंक प्रदान गर्दा ५० प्रतिशत भन्दा कम र ८० प्रतिशत भन्दा बढी अंक दिनुपरेको अवस्थामा कारण खुलाउनु पर्नेछ।

(क) स्थानीय पहिचान र मौलिकता – ३५ अंक (भिमबाँध,झोलुङ्गे पुल, शिवालय मन्दिर, सिद्धगुफा,घाङ्च ल्हूम, मगर जातिको पहिचान हुने कुनै प्रतिक)

(१) नगरपालिकाको ऐतिहासिक पहिचान, संस्कृति र परम्परा झल्किएको

(२) भौगोलिक/प्राकृतिक विशेषताको उचित प्रयोग भएको

(३) नक्कल नगरिएको नयाँ सोच र सिर्जनात्मक डिजाइन भएको

(४) स्थानीय मौलिकता स्पष्ट झल्किने

(५) राष्ट्रिय तथा स्थानीय सन्दर्भसँग मेल खाने

(ख) सन्देश र उद्देश्य – १५ अंक

(१) नगरपालिकाको दुरदृष्टि (Vision), लक्ष्य र नारासँग मेल खाने

(२) विकास, समृद्धि, सुशासन, समावेशिता र दिगोपनाको संकेत भएको

(३) सकारात्मक र प्रेरणादायी सन्देश दिने

(ग) सरलता र स्पष्टता – १० अंक

(१) सजिलै बुझिने र चिन्न सकिने

(२) सानो आकारमा पनि स्पष्ट देखिने

(घ) रङ तथा प्रतीकको उपयुक्त प्रयोग – १० अंक

(१) रङहरूको सन्तुलित र अर्थपूर्ण प्रयोग भएको

(२) प्रतीकहरूको उपयुक्त संयोजन मिलेको

(ङ) प्राविधिक गुणस्तर र दीर्घकालिन प्रयोग –३० अंक

(१) भेक्टर फाइलमा उपलब्ध हुने

(२) प्रिन्ट तथा डिजिटल प्रयोगमा स्पष्ट रुपमा प्रयोग योग्य हुने

(३) समयानुकूल प्रयोग योग्य भएको

(४) श्याम स्वेत संस्करणमा पनि प्रभावकारी देखिने

(५) प्रतीक चिन्हमा प्रयोग भएका संकेत र चिन्हहरुको व्याख्या स्पष्ट लेखिएको

(२) मूल्याङ्कन सम्बन्धी उपदफा (१) का उल्लिखित मापदण्डहरूको व्याख्या छनोट समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–३

## प्रतीक चिन्हको स्वीकृति, स्वामित्व र प्रयोग

८. **प्रतीक चिन्ह स्वीकृत गर्ने:** छनोट समितिबाट मूल्याङ्कन भइ सिफारिस भएका प्रतीक चिन्हहरूको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार कार्यपालिकामा निहित हुनेछ।

९. **प्रतीक चिन्हको स्वामित्व:** (१) स्वीकृत भएको प्रतीक चिन्हको सम्पूर्ण स्वामित्व भिमाद नगरपालिका, तनहुँमा निहित हुनेछ।

(२) कार्यपालिकाबाट छनोट भइ स्वीकृत भएको प्रतीक चिन्ह सम्बन्धी प्रतिलिपि अधिकार प्रस्तावकले दाबी गर्न पाउने छैन।

(३) प्रतीक चिन्ह पूर्ण रूपमा मौलिक हुनुपर्नेछ नक्कल भएको प्रमाणित भएमा डिजाइनकर्तालाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

१०. **प्रतीक चिन्हको आधिकारिक प्रयोग:** (१) छनोट समितिले सिफारिस गरी कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी प्रतीक चिन्ह प्रयोग गर्नुपर्नेछ।

(२) स्वीकृत भएको प्रतीक चिन्ह नगरपालिका र मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा देहाय बमोजिम प्रयोग गर्न सकिनेछ।

(क) आधिकारिक लेटरहेड

(ख) छाप तथा परिचयपत्र

(ग) वेबसाइट तथा सामाजिक सञ्जाल

(घ) सूचना पाटी तथा विभिन्न प्रकाशन

(ङ) कार्यालय तथा संस्थाको होर्डिङ वोर्ड तथा भित्ते लेखन

(च) नगरपालिकाको सरकारी कार्यक्रमका ब्यानर तथा सामग्रीहरु

(छ) नगर कार्यपालिकाको बैठकबाट प्रतीक चिन्ह प्रयोग गर्ने सम्बन्धी निर्णय भए अनुसार अन्य।

(३) स्वीकृत प्रतीक चिन्हको प्रयोगमा प्राविधिक मापदण्ड भए नभएको यकिन गरेर मात्र प्रयोग गर्नुपर्नेछ।

(४) स्वीकृत प्रतीक चिन्हमा रहेको रंगको संयोजन (CMYK/RGB/HEX Code) अनुसार मात्र प्रयोग गर्नुपर्नेछ।

(५) स्वीकृत प्रतीक चिन्हको अनुपात परिवर्तन गर्न पाइने छैन।

(६) स्वीकृत प्रतिक चिन्हको न्यूनतम आकार र खाली स्थान (Clear Space) कायम राख्नुपर्नेछ।

(७) श्यामस्वेत संस्करण पनि आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ।

१०. **अनधिकृत प्रयोगमा निषेध:** (१) भिमाद नगरपालिका, तनहुँको पूर्वस्वीकृति बिना यस नगरपालिका र नगरपालिका मातहतका कार्यालय तथा संस्थाहरूले बाहेक अन्य कुनै पनि संस्था वा व्यक्तिले कुनै पनि प्रयोजनका लागि कार्यपालिकाबाट स्वीकृत भएको नगरपालिकाको आधिकारीक प्रतीक चिन्ह (Logo) को प्रयोग गर्न पाइने छैन।

(२) स्वीकृत प्रतीक चिन्हको काटछाँट वा परिमार्जन गरी प्रयोग गर्न पाइने छैन।

## परिच्छेद-४

## विविध

११. **पुरस्कार तथा प्रोत्साहन:** उत्कृष्ट डिजाइन पेस गरी प्रथम हुने डिजाइनकर्तालाई नगरपालिकाले नगद पुरस्कार सहित सम्मानपत्र प्रदान गर्न सक्नेछ।

१२. **प्रतीक चिन्ह संशोधन:** नगरपालिकाको स्वीकृत प्रतीक चिन्हमा रहेका संकेत तथा चिन्ह एवम् डिजाइन समयानुकूल संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाको बैठकबाट परिमार्जन गर्ने निर्णय गर्न सकिनेछ।
तर उक्त संशोधन समबन्धी निर्णय नगरसभाको बैठकबाट अनुमोदन गर्नुपर्नेछ।

१३. **प्रचलित कानुन बमोजिम हुने:** यस निर्देशिकामा उल्लेख गरिएका विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

१४. **बाधा अड्काउ फुकाउने अधिकार:** यस निर्देशिका कार्यान्वयनमा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले बाधा अडकाउ फुकाउ गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ।

आज्ञाले
कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रू. २५।–